# गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमहरू, २०२४

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२४।५।५

गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) (पहिलो संशोधन) नियमहरू, २०५७ २०५७।६।५

गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) ऐन, २०१५ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "गैर सैनिक हवाई उडान (दुर्घटना जाँच) नियमहरू, २०२४" रहेको छ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा :-

(क) "खास किसिमको नोक्सानी" भन्नाले वायुयानको कुनै भागमा वा यन्त्रमा ठूलो मर्मत गर्नु पर्ने वा वायुयानको पार्ट अथवा यन्त्र नै बदल्नु पर्ने गरी भएको नोक्सानीलाई सम्झनु पर्छ।

(ख) "दुर्घटना" भन्नाले उड्ने उद्देश्यले कुनै व्यक्ति वा व्यक्तिहरू वायुयान चढेदेखि नओर्लेसम्म सो वायुयानमा कुनै किसिमको गडबढी हुनगई निम्नलिखित अवस्था पर्न गएको वायुयान दुर्घटनालाई सम्झनु पर्छ :-

(१) कुनै खास किसिमको नोक्सानी हुने गरी वायुयानमा कुनै क्षति हुन गएको घटना,

(२) वायुयान खसेको, जलेको वा अन्य कुनै किमिसले वायुयान नष्ट हुन गएको घटना,

नेपाल कानून आयोग

(३) वायुयानभित्र, वायुयान बाहिर वा वायुयानमा उडान गरिएको कुनै चीजसंग स्पर्श भई वा माथि खण्ड (१) र (२) को अवस्था पर्न गई कुनै व्यक्तिको मृत्यु भएको वा निजलाई ठूलो घाउ चोट लागी वायुयानबाट वा वायुयान दुर्घटना भएको स्थानबाट निज वर्लन, हिंड्न नसक्ने गरी असक्त घाइते भएको घटना ।

(ग) "प्रमुख चालक" भन्नाले वायुयान उडानको अवधिभर वायुयानको उडान सञ्चालन र सुरक्षाको जिम्मेदार वायुयान चलाउने मुख्य मानिस (पाइलट इन-कमाण्ड) लाई सम्झनु पर्छ ।

(घ) "सह-चालक" भन्नाले वायुयानमा प्रमुख चालकको सहयोगी भै बस्ने अर्को वायुयान चलाउने मानिस (को-पाइलट) लाई सम्झनु पर्छ ।

(ङ) "वायुयान धनी" भन्नाले जसको नाममा वायुयान दर्ता भएको छ सो व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(च) "दर्ता गर्ने राष्ट्र" भन्नाले जुन राष्ट्रको दर्ता कितावमा वायुयान दर्ता गरिएको छ सो राष्ट्रलाई सम्झनु पर्छ ।

+(च१) "मन्त्रालय" भन्नाले नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

①(छ) "महानिर्देशक" भन्नाले नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ बमोजिम स्थापना भएको नेपाल नागरिक उड्डयन प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ ।

(ज) "जाँचकी" भन्नाले दुर्घटनाको जाँचबुझ गरी प्रतिवेदन पेश गर्न ①मन्त्रालयले तोकेको जाँचकी (इन्सपेक्टर) लाई सम्झनु पर्छ र यस शब्दले अरू राष्ट्रमा दर्ता भएको वायुयानको सम्बन्धमा सो राष्ट्रबाट दुर्घटना जाँचको निमित्त मनोनित व्यक्तिलाई समेत जनाउँछ ।

---

\+ पहिलो संशोधनद्वारा थप ।

① पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद-२

## दुर्घटनाको सूचना दिने

३. **दुर्घटनाको सूचना गर्नु पर्ने** : (१) विमानस्थलको सीमा क्षेत्र बाहिर नियम (२) को खण्ड (ख) को उपखण्ड (२) बमोजिमको दुर्घटना देख्ने व्यक्ति वा व्यक्तिहरूले दुर्घटनाको सूचना नजिकको विमानस्थल वा प्रहरी चौकी वा हुलाक अड्डा वा आकाशवाणी वा टेलिफोन अड्डा वा +गाउँ विकास समिति वा नगरपालिका वा जिल्ला प्रशासन कार्यालयमा तुरुन्त दिनु पर्दछ ।

(२) दुर्घटनाको खबर वा सूचना आएमा वा अन्य कुनै तरिकाले आफ्नो वडाभित्र दुर्घटना भएको थाहा हुनासाथ गाउँ विकास समितिले +वा नगरपालिकाले जाँचबुझ गरी तुरुन्त नजिकको विमानस्थल वा प्रहरी चौकी वा हुलाक अड्डा वा आकाशवाणी टेलिफोन अड्डा वा जिल्ला प्रशासन कार्यालयमा सबैभन्दा चाँडो पुग्ने साधनद्वारा खबर दिनु पर्दछ ।

(३) उपनियम (१) र (२) वा अन्य कुनै तरीकाले दुर्घटना भएको थाहा हुनासाथ दुर्घटनाको स्थान, समय र पाइएसम्म (नियम ५ को उपनियम (२) मा लेखिएको) अरू विवरण खोली प्रहरी चौकी वा आकाशवाणी वा टेलिफोन वा हुलाक अड्डा, नजिकको जिल्ला प्रशासन कार्यालयमा र जिल्ला प्रशासन कार्यालयले र विमानस्थल कार्यालयले तुरुन्तै महानिर्देशक कहाँ सबैभन्दा चांडो पुग्ने साधनद्वारा खबर गर्नु पर्दछ ।

(४) विमानस्थलको सीमा क्षेत्रभित्र दुर्घटना भएका विमानस्थलको मुख्य अधिकारी वा वायुयान उड्न र वर्लन आदेश दिने कर्मचारीले दुर्घटनाको पूर्ण विवरण ①प्रमुख जिल्ला अधिकारी समक्ष र महानिर्देशककहाँ तुरुन्त सबैभन्दा चांडो पुग्ने साधनद्वारा दिनु पर्दछ ।

४. **चालक वा वायुयान धनीले सूचना गर्नु पर्ने** : (१) नेपालभित्र वायुयानको दुर्घटना भएमा वायुयानको प्रमुख चालक वा सह-चालक वा अन्य चालक (अपरेटर) ले दुर्घटनाको स्थिति, समय र स्थान सहितको प्राविधिक विवरण भएको सूचना शीघ्र पुग्ने साधनद्वारा महानिर्देशक कहाँ तुरुन्त पठाउनु पर्दछ ।

---

\+ पहिलो संशोधनद्वारा थप ।

① पहिलो संशोधनद्वारा संशोधित ।

(२) वायुयान धनी वा निजको प्रतिनिधिले वायुयान दुर्घटनाको यथासंभव नियम ५ को उपनियम (२) मा लेखिएको विवरण खोली महानिर्देशककहाँ तुरुन्त शीघ्र पुग्ने साधनद्वारा सूचना दिनु पर्दछ ।

(३) नेपालमा दर्ता भएको वायुयानको दुर्घटना नेपालबाहिर जहाँसुकै भए तापनि उपनियम (१) र (२) बमोजिमको सूचना वायुयान धनी वा निजको प्रतिनिधिले सम्बन्धित राष्ट्रमा नेपालको आवासीय कूटनैतिक अधिकारी भए निजकहाँ र महानिर्देशक कहाँ दिनु पर्दछ ।

५. **महानिर्देशकले सूचना गर्नुपर्ने** : (१) दुर्घटनाका सूचना प्राप्त भएपछि महानिर्देशकले त्यस्तो सूचना नेपाल सरकारलाई तुरुन्त दिनु पर्दछ । विदेशी राष्ट्रमा दर्ता भएको वायुयान नियम २ को खण्ड (ख) को उपखण्ड (२) र (३) बमोजिम दुर्घटनामा परेको भए त्यसको सूचना दर्ता गर्ने राष्ट्र वा त्यस्तो राष्ट्रसंग हाम्रो कूटनैतिक सम्बन्ध भए नेपालभित्र रहेको त्यस्तो राष्ट्रको कुटनैतिक अधिकारीलाई पनि तुरुन्त दिनु पर्दछ ।

(२) महानिर्देशकको सूचनामा यथासंभव तलको विवरण खुलेको हुनु पर्छ :-

(क) वायुयानको किसिम, राष्ट्रियता र रजिष्ट्रेशनको चिन्ह,

(ख) वायुयानको दुर्घटनाको मिति, समय र स्थल,

(ग) प्रमुख चालकको नाम,

(घ) वायुयानको धनी, भाडामा लिई चलाएको भए भाडामा लिने व्यक्तिको समेत नाम,

(ङ) वायुयान कुन विमानस्थलबाट उडी कुन विमानस्थलमा ओर्लन लागेको हो,

(च) दुर्घटनास्थल पत्ता लगाउन सजिलो पर्ने गरी खुलेको दुर्घटनास्थलको भौगोलिक विवरण, र

(छ) दुर्घटनामा पर्ने वा घाइते हुने मानिसहरूको संख्या र (खुल्न सकेसम्म नाम) ।

नेपाल कानून आयोग

६. **पटक पटक गरी खबर गर्ने** : (१) दुर्घटनाको विषयमा नियम ५ बमोजिम विवरण एकै पटक प्राप्त नभएमा जति जति विवरण प्राप्त हुँदै जान्छ त्यति त्यति कुराको सूचना नियम ३ को उपनियम (२) अन्तर्गत सूचना दिने अड्डा, अधिकारी वा महानिर्देशकले दिँदै जानु पर्छ ।

(२) अन्य विदेशी राष्ट्रलाई नियम ५ बमोजिम सूचना दिनु पर्ने भई सूचना दिंदा नेपाल सरकारले यस्तो दुर्घटनाको कुन किसिमले जाँच गराउने निर्णय गरेको छ सो पनि संक्षेपमा खुलाई तुरुन्त सूचना दिनु पर्दछ ।

७. **दुर्घटनाको विवरण खुलाउने** : दुर्घटनाको सूचना दिंदा सूचना दिनेले यथासंभव नियम ५ को उपनियम (२) बमोजिमको विवरण खुलाउनु पर्दछ ।

## परिच्छेद - ३

## सवुद प्रमाण संरक्षण गर्ने र दुर्घटनाको जाँच गराउने

८. **दुर्घटनाको सबूद प्रमाणको संरक्षण गर्ने** : दुर्घटना भएको सूचना प्राप्त हुनासाथ दुर्घटना हुन गएको [①]जिल्लाका प्रमुख जिल्ला अधिकारी र प्रहरीको सहयोग लिई दुर्घटनाग्रस्त वायुयानलाई बढी विग्रन नाशिन नदिने, अनधिकृत व्यक्तिलाई वायुयान दुर्घटनास्थलमा प्रवेश गर्न नदिने, दुर्घटनाग्रस्त वायुयान, त्यसमा रहेको मालसामान, लास र अन्य चीजहरू चोरिन, नाशिन वा हराउन नदिने र दुर्घटना सम्बन्धी सबूद प्रमाणको यथावत रक्षा गर्ने र ती प्रमाणहरूको राम्रो संरक्षणको निमित्त आवश्यक भए फोटो खिचाई राख्न समेत महानिर्देशकले आवश्यक प्रबन्ध र व्यवस्था मिलाउनु पर्दछ ।

तर आगो वा अन्य कुनै कुराहरूबाट वायुयानमा रहेको धनमाल, लास, डांक र अन्य यस्तै बहुमूल्य पदार्थहरूलाई बचाउ गर्न आवश्यक भै यस्ता चीजहरू वायुयानबाट झिक्न, निकाल्न वा अन्य सुरक्षित स्थानमा लगी राख्न वा हवाई यातायातलाई चालू राख्न वा जनसाधारणलाई पर्ने बाधा र खतरा हटाउनको लागि दुर्घटनाग्रस्त वायुयानलाई घटनास्थलबाट हटाउन परेमा हटाउन पर्ने हदसम्म महानिर्देशकले हटाउन आदेश दिन सक्नेछ ।

---

① पहिलो संशोधनद्वारा संशोधित ।

९. **दुर्घटनाको जाँच र जाँच गर्ने अधिकार** : (१) [①]मन्त्रालयले जुनसुकै दुर्घटनाको जाँच पड्ताल आफै गर्न वा यस्तो कामको निमित्त जाँचकी तोक्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम जाँच गर्ने अधिकारीले तल लेखिएका कुराहरू गर्न पाउँछ :-

(क) जुनसुकै समयमा दुर्घटनाग्रस्त वायुयानमा वा दुर्घटनास्थलमा प्रवेश गरेर जाँचबुझ गर्ने र जाँचबुझको काम समाप्त नभएसम्म वायुयान र वायुयानको कुनै अंग वा यन्त्रलाई हलचल नगराई यथावत राख्न लगाउने।

(ख) वायुयान वा वायुयानको कुनै अंग वा वायुयानमा राखिएको पदार्थलाई जाँच गर्ने, हटाउने, विश्लेषणात्मक परीक्षण गर्ने, सुरक्षित गरी यथावत राख्न लगाउने वा आवश्यकता अनुसार सो सम्बन्धमा जो गर्नु पर्छ गर्न लगाउने।

(ग) दुर्घटनासित सम्बन्ध भएको भन्ने आफूलाई लागेका किताबहरू, कागजपत्र (डकुमेण्ट), प्रमाणपत्र र अरू पदार्थ पेश गर्न लगाउने र जाँच पड्तालको काम समाप्त नभएसम्म यस्ता किताव, कागजपत्र (डकुमेण्ट) प्रमाणपत्र र अरू जो भएको सबूद प्रमाण कब्जा गरी राख्ने।

(घ) लिखित सूचनाद्वारा आफूलाई उचित लागेको बुझ्नुपर्ने व्यक्तिलाई उपस्थित गराउने र निजबाट सो दुर्घटना सम्बन्धमा सूचना वा बयान लिने र दिएको बयान साँचो हो भनी बयान दिने व्यक्तिको सो बयानमा सहीछाप गराउने।

(ङ) दुर्घटनाको जाँच पड्तालको निमित्त आवश्यक भएमा जुनसुकै स्थानमा पसी जाँचबुझ गर्ने,

तर यसो गर्दा कसैको घरभित्र पस्नु पर्ने भएमा लिखित सूचना दिई मात्र पस्नु पर्छ।

[①] पहिलो संशोधनद्वारा संशोधित।

(च) [①]प्रमुख जिल्ला अधिकारी वा प्रहरीबाट अघि कुनै बयान लिइएको भए त्यसलाई समेत सामेल गरी प्रमाणको कागजको रूपमा राख्ने ।

१०. **दुर्घटनाको प्रतिवेदन** : दुर्घटनाको जाँच गर्ने अधिकारीले घटना सम्बन्धमा सबै कुरा राम्ररी जाँचबुझ र सोधपुछ गरिसकेपछि दुर्घटना सम्बन्धी सबै विवरण र दुर्घटना हुनाको कारण संकलित प्रमाणमा आधारित तर्क सहितको आफ्नो राय र भविष्यमा यस्तो दुर्घटना हुन नदिने गर्न निमित्त गर्नु पर्ने अन्य कुराहरू सहितको सुझावहरू समेत राखी प्रतिवेदन तैयार गर्नु पर्दछ । यस्तो प्रतिवेदन दुर्घटना सम्बन्धित विषयलाई मात्र लिएर तयार गरिने प्रशासनिक र प्राविधिक प्रतिवेदन हुने हुनाले यस प्रतिवेदन कुनै देवानी वा फौजदारी मुद्दाको सबूद प्रमाणमा प्रयोग गरिने छैन ।

११. **दर्ता गर्ने राष्ट्रको अनुरोधमा सबूद प्रमाण कायम राख्ने** : दर्ता गर्ने राष्ट्रले सो राष्ट्रका अधिकृत प्रतिनिधिद्वारा निरीक्षण नभएसम्म वायुयान, त्यसभित्रका सरसामानहरू र सबूद प्रमाणहरू हिनामिना हुन नदिई यथावत राख्ने अनुरोध गरी पठाएमा सो अनुरोध बमोजिम गर्न उचित र व्यावहारिक भएसम्म महानिर्देशकले आवश्यक कारवाही गरी उक्त अनुरोध बमोजिम गरिदिनु पर्दछ ।

तर माथि जुनसुकै लेखिए तापनि आवश्यक भएमा नियम ८ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम गर्न यस नियमले बाधा पुऱ्याएको मानिने छैन ।

१२. **वायुयान वा त्यसको सामान छोडिदिने** : नियम ८ र ११ को कुरामा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी दुर्घटनाको जाँच पड्तालको निमित्त आवश्यक नपर्ने भए वा जाँच पड्तालको काम सिद्धिएपछि महानिर्देशकले वायुयान वा त्यसभित्रका सामानहरू वा वायुयानको कुनै अंश वा यन्त्रमाथिको कब्जा हटाई नेपालमा दर्ता भएको वायुयान भए वायुयान धनी वा वायुयानको धनीले मनोनीत गरेको व्यक्तिलाई र वायुयान अरू राष्ट्रमा दर्ता भएको भए सो दर्ता गर्ने राष्ट्रले रीतपूर्वक मनोनीत गरेको व्यक्तिलाई दिन दिलाउनु पर्दछ ।

[①] पहिलो संशोधनद्वारा संशोधित ।

## परिच्छेद-४

## विविध

१३. **जाँच गराउने नेपाल सरकारको अधिकार** : नियम ९ बमोजिम दुर्घटनाको जाँच नहुँदै वा भैसकेपछि नेपाल सरकारले दुर्घटनाको विस्तृत जाँच गराउन आवश्यक सम्झेमा विशेष जाँच गराउन सक्नेछ ।

१४. **दुर्घटना जाँच आयोग** : नियम १३ बमोजिम नेपाल सरकारले विस्तृत जाँच गराउन चाहेमा दुर्घटना जाँच आयोगको गठन गर्नेछ सो आयोगमा कमसेकम ३ जना सदस्य हुनेछन् र ती मध्ये एक जनालाई नेपाल सरकारले त्यस आयोगको अध्यक्ष नियुक्ति गर्नेछ । आयोगलाई सहायता दिन सल्लाहकारको रूपमा अरू विशेषज्ञहरू पनि नेपाल सरकारले खटाउन सक्नेछ ।

१५. **दुर्घटना जाँच आयोगको कर्तव्य** : दुर्घटनाको सबै विवरण र कारणहरू पत्ता लगाउनको साथसाथै निम्नलिखित खास कुराहरू पत्ता लगाई प्रतिवेदन पेश गर्नु दुर्घटना जाँच आयोगको कर्तव्य हुनेछ :-

(क) दुर्घटनाको स्थान र समय,

(ख) दुर्घटनाको कारण र के परिस्थिति परी दुर्घटना हुन गएको हो, र

(ग) यात्रु जनसाधारण र हवाई उड्डयनमा काम गर्ने व्यक्तिको वढी सुरक्षा गर्ने हेतुले भविष्यमा यस्तो दुर्घटना हुन नपाउने व्यवस्था गर्न गैर सैनिक हवाई उडानको प्रशासनको अधिकारीले कस्तो कदम उठाउन उचित पर्ला त्यसको सुझाव सहित तथ्यहरू ।

१६. **दुर्घटना जाँच आयोगको प्रतिवेदन** : दुर्घटना जाँच आयोगको प्रतिवेदन केवल प्रशासनिक र प्राविधिक हुनेछ । कुनै देवानी वा फौजदारी मुद्दा सम्बन्धी उद्देश्यले यो प्रतिवेदन तयार गरिने छैन र यसलाई अदालती कुनै कारवाहीमा सबूद, प्रमाणमा ल्याउने र पेश गरिने छैन ।

१७. **अरू राष्ट्रमा दर्ता भएको वायुयान दुर्घटना भएको सम्बन्धमा** : नेपालबाहेक अरू राष्ट्रमा दर्ता भएको वायानको दुर्घटना भएमा सो दर्ता गर्ने राष्ट्रको अधिकृत प्रतिनिधि र सल्लाहकारहरूलाई जाँच पड्तालमा उपस्थित हुन दिन नेपाल सरकारले अनुमति दिन सक्नेछ । उक्त प्रतिनिधिहरूलाई जाँच पड्तालमा सक्रिय भाग दिलाउन नेपाल सरकारलाई

दर्ता गर्ने राष्ट्रले लिखित अनुरोध गरेमा नेपाल सरकारले यी प्रतिनिधिहरूलाई सक्रीय भाग लिन पनि अनुमति दिन सक्नेछ ।

१८. **दुर्घटनाको जाँच पड्ताल गर्ने व्यक्तिलाई मेहनताना दिने** : दुर्घटनाको जाँच पड्ताल गर्ने काममा नेपाल सरकारका कर्मचारी बाहेक अरू बाहिरिया व्यक्तिलाई लगाइएमा यस्ता व्यक्तिलाई नेपाल सरकारले मेहनताना र अरू खर्च दिन सक्नेछ ।

१९. **खोज खबर, रक्षा क्षतिग्रस्त सामान हटाउन दिने व्यवस्था** : (१) हराएको वा दुर्घटनामा परेको वायुयानको खोज खबर गर्ने, रक्षा गर्ने, जाँचबुझ गर्न, मर्मत गर्ने वा क्षतिग्रस्त सामानलाई संरक्षण गर्न दर्ता गर्ने राष्ट्रले रीतपूर्वक अधिकृत गरी पठाएका व्यक्तिलाई नेपाल सरकारले अधिराज्यमा प्रवेश गर्न दिने आवश्यक सुविधा दिन सक्नेछ ।

(२) दुर्घटनामा परेमा वायुयानको खोजखबर गर्न, रक्षा गर्ने, जाँचबुझ गर्ने, मर्मत गर्न वा क्षतिग्रस्त सामानहरू हटाउनलाई आवश्यक पर्ने वायुयान, खोज औजार पार्टपूर्जा र सामानहरू अधिराज्यमा भन्सार वा कुनै अरू कर तिर्न नपर्ने गरी अस्थायी रूपमा ल्याउने र सो काम सकिएपछि फिर्ता लैजाने गरी प्रचलित नेपाल कानून बमोजिम महसुल सुविधा नेपाल सरकारले दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम ल्याइएको कुनै वायुयान, औजार, पार्टपूर्जा सरसामान र दुर्घटनामा परेको वायुयान वा त्यसका पार्टहरू र उक्त वायुयानमा लोड भएका माल अद्दतहरू अधिराज्यमा प्रवेश गरेको छ महिनाभित्र फिर्ता नलगेमा नेपालको प्रचलित कानून बमोजिम भन्सार महसुल लाग्नेछ ।

---

**रुपान्तर** : गैर सैनिक हवाई (दुर्घटना जाँच) (पहिलो संशोधन) नियमहरू, २०५७ द्वारा रुपान्तर गरिएका शब्दहरू :-

(क) "हवाई अड्डा" भन्ने शब्दहरूको सट्टा "विमानस्थल" ।

(ख) "अञ्चलाधीश कार्यालय" र "अञ्चलाधीशको कार्यालय" भन्ने शब्दहरूको सट्टा "जिल्ला प्रशासन कार्यालय" ।

(ग) "निर्देशक" भन्ने शब्दको सट्टा "महानिर्देशक" ।